मिति : २०८३।०४।२८
समय : विहान ८:०० वजे
स्थान : वडा न ६ वैठक हल

बैठक नं. ८६
आ.व.२०८३।०८४

आज मिति २०८३।०४।२८ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको वैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप-प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८३।०८४ बैठक नं ८६ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु

बैठक मिति : २०८३।०४।२८ समय : विहान ८:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

प्रस्तावहरु :

१। भू उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा ।

२।घोडाघोडी ताल क्षेत्रको संरक्षण, पर्यापर्यटन,तथा सञ्चालनको अनुमति माग गर्ने सम्बन्धमा ।

३। सघन शहरी विकास कार्यक्रम अन्तर्गतको योजना कार्यक्रम छनौट गर्ने सम्बन्धमा ।

४। कार्यदल गठन सम्बन्धमा ।

५। वार्षिक कार्ययोजना तथा खरिद योजना सम्बन्धमा ।

६। योजना कार्यक्रमको लागि बजेट माग गर्ने सम्बन्धमा ।

निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहर

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाभित्रको भू–उपयोग क्षेत्रको वर्गीकरण संशोधन सम्बन्धमा भू–उपयोग परिषद्बाट सिफारिस भई पेश भएको भू–उपयोग क्षेत्र वर्गीकरण संशोधन प्रस्तावलाई अनुमोदन निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा विश्वरामसार सुचिमा सुचिकृत घोडाघोडी ताल जैविक, पर्यावरणीय, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदाका रूपमा रहेको र यसको संरक्षण तथा दिगो उपयोगका लागि स्थानीय तहको सक्रिय भूमिका आवश्यक रहने र घोडाघोडी ताल क्षेत्रको दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक नीति, योजना तथा संस्थागत संरचना निर्माण गरी कार्य गर्न पहल गर्दै आएको तथा नगरपालिकाबाट बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड कार्यविधि समेत तर्जुमा भएकोले घोडाघोडी ताल क्षेत्रको संरक्षण, पर्यापर्यटन,संवर्द्धन, सञ्चालन तथा दिगो व्यवस्थापनको जिम्मेवारी प्रभावकारी रूपमा स्थानीय तहबाट सञ्चालन गर्न आवश्यक पर्ने अनुमति तथा स्वीकृतिको लागि सुदूर पश्चिम प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभागमा अनुरोध गर्ने निर्णय गरियो साथै सो कार्यको लागि आवश्यक पहल गर्न नगर प्रमुख ज्युको नेतृत्वको टोली सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयको चालु आ.व.०८३।०८४को स्वीकृत वार्षिक कार्यक्रमको सघन शहरी विकास कार्यक्रम अन्तर्गत यस घोडाघोडी नगरपालिकामा शहरी पूर्वाधार निर्माण कार्यको लागि विनियोजन भएको रु ३ करोड वजेटबाट तपशिल बमोजिमका आयोजना कार्यक्रमहरु संचालानको लागि योजना छनौट गरि पठाउने निर्णय गरियो ।

तपशिल :

१.बुलबुले सामुदायिक वन क्षेत्रको खाली जग्गामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण, वडा न १०

२.कान्द्रा नदिमा व्यवस्थित मशानघाट निर्माण, वडा न १०

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिकाको नगर शिक्षा योजना अद्यावधिक गर्न तपशिल बमोजिमको कार्यदल गठन गरि उक्त कार्यदललाई नगर शिक्षा योजना अद्यावधिक गर्न निर्देशन दिने निर्णय गरियो ।

तपशिलः

१.शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री खगेन्द्र बहादुर सिंह - संयोजक

२विद्यालय व्यवस्थापन समिति प्रतिनिधि अध्यक्ष श्री शिव राज भट्ट -सदस्य

३.शिक्षक अभिभावक संघ प्रतिनिधि श्री भावना जोशी -सदस्य

४.प्रधानाध्यापक प्रतिनिधि श्री खडक बहादुर कठायत -सदस्य

५.प्रधानाध्यापक प्रतिनिधि श्री अमिला देवी मल्ल -सदस्य

६.शिक्षक महासंघ प्रतिनिधि श्री शुबोध कुमार शर्मा -सदस्य

७.संस्थागत विद्यालय प्रधानाध्यापक प्रतिनिधि श्री सिता चौधरी -सदस्य

८.गैरसरकारी संस्था प्रतिनिधि श्री राधिका गिरी -सदस्य

९.शाखा अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा श्री उमेशराज रेग्मी -सदस्य सचिव

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा चालु आ.व.२०८३।०८४मा यस नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माण, सेवा प्रवाह, संस्थागत विकास तथा अन्य नियमित एवं प्राथमिकता प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा परिणाममुखी रूपमा सञ्चालन गर्न तयार गरिएको वार्षिक कार्ययोजना तथा वार्षिक खरिद योजना २०८३।०८४ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्षमा सञ्चालन गर्नुपर्ने अत्यावश्यक तथा प्राथमिकता प्राप्त योजना,कार्यक्रमका लागि नगरपालिकाको आन्तरिक स्रोत तथा विनियोजित बजेटबाट मात्र पर्याप्त रकम व्यवस्था गर्न कठिनाइ भएको हुँदा तपशिल बमोजिमका योजना ,कार्यक्रम को लागि आवश्यक बजेट व्यवस्थाका लागि सुदुर पश्चिम प्रदेश सरकार तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

१.वडा न ९ र ४ जोड्ने शिवगंगा नदिमा पक्की पुल निर्माण

२.खोपा गाउँको जनैया नालामा पक्की पुल/कल्भर्ट निर्माण ,वडा न १२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा २ ज बमोजिम प्रमाणीकरण

नाम : शिव सिंह भण्डारी

पद : कार्यपालिका सचिव

मिति : २०८३।०४।२८